## मिति २०८२ साल माघ २३ गते शुक्रबार बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ५२ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ५१ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय हेटौडा मकवानपुरको संघीय सशर्त कार्यक्रम अन्तर्गतको मन्थली नगरपालिकामा चिया खेती ब्लक विकास कार्यक्रम प्राप्त भएको र सो कार्यक्रम परियोजना कार्यान्वयन म्यानुअल २०७७ को अनुसूची १ मा भएको राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली/वस्तुहरुमा समावेश नभएकाले चिया खेती ब्लक विकास कार्यक्रमको सट्टामा उक्त म्यानुअलमा समावेश भएको कार्यक्रम तरकारी बाली समावेश गरी कार्यान्वयनका लागि पठाउने।

**निर्णय नं. ३**

भूमिहिन र सुकुम्वासीहरुको समस्या समाधानका लागि भूमि समस्या समाधान आयोगद्धारा गरिएको सार्वजनिक सूचनाको आधारमा वडा कार्यालयमा माघ मसान्तसम्म दर्ता हुन आउने र आएका सबै निवेदनहरु भूमि समस्या समाधान आयोगमा पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने।

**निर्णय नं. ४**

सेतो गुँरास राष्ट्रिय वाल विकास सेवाले मन्थलीको शैक्षिक संस्थाहरुमा प्रदान गरेको सहयोगले मन्थली नगरपालिकाको शिक्षा क्षेत्रको सुधारका लागि महत्वपूर्ण भूमिका खेलेकोले यसको कार्यक्रमको निरन्तरताका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

**निर्णय नं. ५**

सुविधा सम्पन्न भौतिक व्यवस्थापन भएता पनि विद्यालय मर्चका कार्ण खाली हुन पुगेको कालीदेवी आधारभुत विद्यालय मनपा ३ ठूली मदौको भवनमा बालबालिकाको तान्जिल होम सञ्चालन गर्न सम्बन्धित निकायहरुमा पहल गर्ने।

**निर्णय नं. ६**

सामाजिक सुरक्षा कोषमा अस्थायी करार कर्मचारीको आवद्धताको वारेमा वागमती प्रदेश सरकारको समन्वयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न कार्यालयलाई निर्देशन प्रदान गर्ने।

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

निर्णय नं. ७

मन्थली नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रममा समावेश जनसहभागितामा आधारित कार्यक्रम (७०/३०) मागमा आधारित कार्यक्रम कार्यान्वयनका लागि मिति २०८२ पुस ११ गते सार्वजनिक गरिएको सूचना बमोजिम प्राप्त माग निवेदनका आधारमा देहाय बमोजिमका आयोजना कार्यान्वयन गर्ने ।

| सि.नं. | आयोजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | शिवशक्ति टोल सडक मर्मत सुधार मनपा १ | ७५०००० | |
| २ | पाखाबारी अर्गानिक कृषक समूह घेराबार मपना २ | १५०००० | |
| ३ | छापगाँउ कृषक समूह सिंचाई ट्याङ्की तथा पाईपलाइन निर्माण मनपा २ | ३५०००० | |
| ४ | ठूलीमदौ ठूलढुङ्गा गैरीगाँउ हुँदै वडा कार्यालय कठजोर सडक मनपा ३ | २५०००० | |
| ५ | ठूलीमदौ थापाटोल नागथान खोला उकालो सडक सोलिङ्ग ढलान तथा वाल मनपा ३ | २५०००० | |
| ६ | बालमैत्री युरीनल शौचालय निर्माण मनपा ४ | ५००००० | |
| ७ | डाँडागाँउ आचार्य टोल सडक धारापानी खोल्सा पहिरो नियन्त्रण मनपा ५ | ४५०००० | |
| ८ | भैरवी वाल उद्यान व्यवस्थापन ट्रष्ट निर्माण मनपा ५ | ३००००० | |
| ९ | देउथली फाँट सिंचाई मनपा ६ हातिटार | ५००००० | |
| १० | भिरु मावि बालमैत्री खेल मैदान स्तरोन्नती (थप कार्य)मनपा ८ | ५००००० | |
| ११ | मेलबोटे ओख्रेनी हुँदै वडा नं. १० चनखु सिमाना मनपा ९ | ५००००० | |
| १२ | क्रियापुत्री भवन निर्माण (थप कार्य) मनपा १० | ५००००० | |
| १३ | भालुबन पेटासी सिँचाई योजना मनपा ११ | २५०००० | |
| १४ | मगर कुल घर पेटासी निर्माण मनपा ११ | २५०००० | |
| १५ | टनेल निर्माण घुर्पाङ्ग तरकारी उत्पादक कृषक समूह मनपा १२ | ५०००० | |
| १६ | ईन्द्रावती मन्दिर छत ढलान र गजुर निर्माण मनपा १२ | १००००० | |
| १७ | पशुपती सत्तल मनपा १२ | ३५०००० | |
| १८ | बाहुन टोल सिंचाई पोखरी निर्माण मनपा १३ | ५००००० | |
| १९ | क्रिबी थाङ्ग्रा तथा कृषि पूर्वाधार निर्माण मनपा १४ | १००००० | |
| २० | सादीखोला बोडे मुहान ध्यारो मुहान हुँदै कर्थलीसम्म सिंचाई आयोजना मनपा १४ | १००००० | |
| २१ | कर्जङ्ग समुन्द्र छपाली विस्ली सडक स्तरोन्नती मनपा १४ | ३००००० | |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

वागमती प्रदेश सरकारबाट आगामी आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने समपुरक अनुदान र विशेष अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, परिपत्र, क्षेत्र तथा अघिल्ला वर्षहरुमा समपुरक र विशेष अनुदानबाट सञ्चालित योजना कार्यक्रम कार्यान्वयनको अवस्थाको वारेमा व्यापक छलफल गरियो । समपुरक अनुदान र विशेष अनुदानबाट सञ्चालन गरिने कार्यक्रमका वारेमा अर्को वैंठकबाट आवश्यक निर्णय लिने ।

निर्णय नं. ९

सडक बोर्ड नेपालबाट चालु आ.व.मा प्राप्त कार्यक्रम वजेट रु २८०००००० र नगरको म्याचिङ्ग फण्ड र १२०००००० गरी जम्मा रु ४०००००० बाट देहाय बमोजिमको योजना सञ्चालन गर्ने ।

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | मन्थली गाइखुरा चिसापानी गेलु चनखु सडकको करम्बोट झोलुङ्गे पुल पारीको सडक खण्ड मर्मत | १५०००००० |
| २ | सालु कविलास पाँडेगाँउ सडक स्तरोन्नती मनपा ४ | ५०००००० |
| ३ | मन्थली सुनारपानी सालु साघुटार सडक (पाठशाल डाँडा खण्ड मर्मत) | ५०००००० |
| ४ | मन्थली टेकानपुर वडा कार्यालय सडक स्तरोन्नती (वडा कार्यालय जाने खण्ड) | ५०००००० |
| ५ | मन्थली सुनारपानी सालु साघुटार च्याउके ठाँटी सडक मर्मत (तुलसीको घरमाथि) | ५०००००० |
| ६ | मन्थली भलुवाजोर कुभिण्डे हुलाक डाँडा सडक स्तरोन्नती | ५०००००० |

निर्णय नं. १०

सम्बन्धित वडा समितिको समन्वयमा मनपा ६ र १२ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न सर्वपक्षीय छलफल गरी यथाशिघ्र प्रक्रिया अगाडि वढाउन कार्यपालिकाबाट गठित कार्यदललाई निर्देशन दिने ।

निर्णय नं. ११

वागमती प्रदेश सरकारको असल अभ्यास कार्यक्रमका लागि नगरपालिकाबाट सम्पादित कार्य मध्ये देहाय बमोजिमका कार्य प्रस्तावित गर्ने ।

(क)बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा

(ख) जनसहभागितामा आधारित कार्यक्रम (७०/३०) र वडा नगर साझेदारी (५०/५०) कार्यक्रम

(ग) तेस्रो सन्तान प्रोत्साहन कार्यक्रम

(घ) नगर अस्पताल व्यवस्थापन

(ङ) पैचो (सटही) पसल सञ्चालन

२०८२/१०/२४
देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत